# बर्दिबास नगरपालिका

## व्यवसायिक कृषि फार्म दर्ता कार्यविधि, २०८१

कार्यपालिका वैठक नं : संख्या:

कार्यपालिकावाट स्वीकृत मिति: २०८१/११/१३

प्रमाणिकरण मिति :

बर्दिवास नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बर्दिवास, महोत्तरी
मधेश प्रदेश, नेपाल

Scanned with CamScanner

# व्यवसायिक कृषि फार्म दर्ता कार्यविधि, २०८१

**पृष्ठभुमि :**

कृषि क्षेत्रलाई व्यवसायीकरण गरी प्रतिस्पर्धि रुपमा सक्षम वनाउन र कृषि व्यवसायवाट कृषकको जिवनस्तर उकास्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (७) ले दिएको अधिकार प्रयोग गरी वर्दिवास नगरपालिका, नगर कार्यपालिकावाट यो कार्यविधि जारी गरी लागु गरिएको छ ।

## परिच्छेद १

**१) प्रारम्भ**

**क) संक्षीप्त नाम र प्रारम्भ :**

१. यो कार्यविधिको नाम " व्यवसायिक कृषि फार्म दर्ता कार्यविधि २०८१ " रहेको छ ।

२. यो कार्यविधि वर्दिवास नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट पास भएको मिति बाट लागु हुनेछ ।

**२) परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) " नगरपालिका " भन्नाले वर्दिवास नगरपालिका सम्झनु पर्दछ।

ख) " कार्यालय " भन्नाले वर्दिवास नगरपालिको कार्यालय सम्झनु पर्दछ।

ग) " शाखा " भन्नाले वर्दिवास नगरपालिको कृषि विकास शाखा सम्झनु पर्दछ।

घ) " निजि फार्म " भन्नाले एकल वा साझेदारीमा रहि यस शाखामा दर्ता भएको फार्म सम्झनु पर्दछ।

## परिच्छेद २

**३.कृषि फार्म दर्ताको न्युनतम मापदण्ड :** कृषि फार्म दर्ताको न्युनतम मापदण्ड देहाय बमोजिम हुनेछ ।

**क. प्लाष्टिक टनेल खेति :**

प्लाष्टिक टनेल कम्तिमा ५/१० मिटरको ५ वटा टनेल निर्माण गरी तरकारी उत्पादन गरेको हुनु पर्दछ।

**ख. खुला तरकारी खेति :**

यस तरिकावाट तरकारी खेति गर्दा कम्तिमा ३ कठ्ठा भन्दा वढिमा व्यवसायीक रुपमा तरकारी वाह्रै महिना उत्पादन हुनुपर्दछ।



Scanned with CamScanner

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी
मधेश प्रदेश, नेपाल

राममणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**ग. फलफुल खेति :**

फलफुल खेतिहरु जस्तै : सुन्तलाजात फलफुल, केरा, आँप, लिचि,मेवा,भुईकटहर र रुखकटहर आदिको हकमा व्यवसायीक रुपमा ५कठ्ठा भन्दा बढिमा फलफुल खेति गरिएको हुनु पर्नेछ।

**घ.च्याउ खेति(सितके, कन्ये, गोब्रे लगायत) :**

च्याउ खेति व्यवसायीक रुपमा कम्तिमा २ वटा च्याउ घर (५/१० मिटर) निर्माण गरी खेति गरेको हुनुपर्नेछ।

**ङ. मौरी पालन :**

मौरी पालनको हकमा आधुनिक घार १० वटा घार भन्दा बढिमा पालन गरेको हुनुपर्नेछ।

**च.कृषि बाली खेति :**

कृषि बाली वस्तु जस्तै : खाद्यान्न, दलहन, तेलहन, औद्योगिक, मसला बाली आदिको हकमा व्यवसायीक रुपमा १.५ बिघा(३० कठ्ठा) भन्दा बढिमा खेति गरेको हुनुपर्दछ।

**छ. तरकारी तथा फलफुल नर्सरी खेति :**

तरकारी तथा फलफुल नर्सरीको हकमा कम्तिमा ३ कठ्ठा क्षेत्रफलमा नर्सरी स्थापना गर्नुपर्नेछ।

**ज. अन्य बाली बस्तु :**

कृषकले माथि उल्लेखित बाहेक अन्य कुनै बाली बस्तु उत्पादन गर्न चाहेमा कृषि प्राविधिकको सिफारिसको आधारमा गर्नुपर्नेछ।

**४.फार्म दर्ता :**

क) कृषि फार्म दर्ता गराउन देहायका कागजातहरु सहित कार्यालयमा निवेदन दिनुपर्ने छ।

- अनुसूचि १ अनुसारको निवेदन
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
- २ प्रति पासपोर्ट साइजको फोटो
- चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का
- जग्गा भाडामा भए सो को करारनामा (कम्तिमा ५ वर्षको)
- व्यक्तिगत वा संगोलमा भए स्वघोषणा/मन्जुरीनामा
- सम्बन्धित वडा कार्यालयको सिफारीस

ख) निवेदनको आधारमा शाखाबाट स्थलगत अनुगमन गरी कृषि फार्म दर्ता गर्न उपयुक्त देखिएमा अनुसूचि २ को ढाँचामा दर्ता गरी प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ।



Scanned with CamScanner

५ .नविकरण तथा खारेजी प्रक्रिया :

क) दर्ता भएको फार्म नयाँ आर्थिक वर्ष सुरु भएको ३ महिना भित्र नविकरण गर्नु पर्नेछ । समयमै नविकरण नगरेमा प्रचलित कानून बमोजिम जरिवाना लाग्नेछ ।

ख)दर्ता भएको फार्म समय समयमा अनुगमन गरीनेछ र कानुन विपरीत कामकाज गरेको पाइएमा बर्दिवास नगरपालिकाको निर्णय वमोजिम कारवाही गरिनेनछ ।

ग) व्यवसायिले फार्म संचालन गर्न नसक्ने भई दर्ता खारेजी गरी पाँउ भनि निवेदन दिएमा कार्यालयले फार्म खारेजी गर्न सक्नेछ ।

परिच्छेद ३

६ थपघट वा हेरफेर, गर्न सक्ने

क. यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी वनाउन वर्दिवास नगरपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ।

ख. यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि वर्दिवास नगरपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

राममणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

अनुसूचीं. १

## फार्म दर्ताको लागि निवेदनको ढाँचा

मिति : २०८../....../....

श्री बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा,
बर्दिबास, महोत्तरी

महोदय,

विषय : फार्म दर्ता गरी पाउँ ।

प्रस्तुत विषयमा यस बर्दिबास नगरपालिका वडा नं. ...... मा मैले ........... क्षेत्रफलमा मिति : .............देखी ..........वाली खेति गर्दै आइरहेको वा मिति : ................. भित्रमा .......... क्षेत्रफलमा व्यवसायीक रुपमा............... वाली खेति गर्ने प्रतिवद्धता जनाउदै वार्षिक रु. ................ को कारोबार हुने गरी ................................................ नामको फार्म दर्ता गरी पाउँ भनि तपशिलमा उल्लेखित कागजातहरु संलग्न गरी फार्म दर्ताको लागि यो निवेदन पेश गरेको छु।

संलग्न कागजातहरु निवेदन

- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
- २ प्रति पासपोर्ट साइजको फोटो
- चार किल्ला प्रमाणित सर्जमिन मुचुल्का
- जग्गा भाडामा भए सो को सम्झौता पत्र
- व्यक्तिगत वा संगोलमा भए स्वघोषणा/मन्जुरीनामा
- राजस्व खातामा राजस्व बुझाएको रसिद
- सम्वान्धित वडा कार्यालयको सिफारीस

निवेदक हस्ताक्षर :
नाम :
ठेगाना :
सर्म्पक न. :



Scanned with CamScanner

अनुसूचीं. २

बर्दिवास नगरपालिका
नगर कार्यपालिको कार्यालय
कृषि विकास शाखा
बर्दिवास ,महोत्तरी

फोटो

# कृषि फार्म दर्ता प्रमाण पत्र

१. दर्ता नं. :- दर्ता मिति :

२. फार्मको नाम :-

३. जम्मा पुँजी :-

४. फार्म धनिको नाम :

५. फार्मको उद्देश्य :

६. फार्म रहने ठेगाना :- जिल्ला :- वडा नं. :-

७. खेति गरिने जमिनको क्षेत्रफल :-

८.खेति गरिने बाली :

........................ ....................................

कृषि शाखा प्रमुख प्रमुख प्रशासकीय अधिकृत

बर्दिवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिवास, महोत्तरी
मधेश प्रदेश, नेपाल

रामसणि अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

## नवीकरण सम्बन्धी विवरण

| नवीकरण मिति | आ.व. | प्रमाणित गर्नेको दस्तखत | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

**पुनश्च**

कुनै पनि प्रकारबाट व्यवसाय गर्न छोड्न र बन्द गर्ने भएमा तुरुन्त नगरपालिकामा निवेदन दिनु पर्नेछ ।



Scanned with CamScanner